**Signature and Name of Invigilator**

1. (Signature) ____________________

   (Name) ____________________

2. (Signature) ____________________

   (Name) ____________________

**OMR Sheet No. :** ..........................................

(To be filled by the Candidate)

**Roll No.** | | | | | | | | |

(In figures as per admission card)

**Roll No.** ____________________

(In words)

**J 0 3 4 1 8**

# PAPER - II
# NEPALI

**Time : 2 hours]** **[Maximum Marks : 200**

Number of Pages in this Booklet : **24** Number of Questions in this Booklet : **100**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of hundred multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the Test Booklet Number should be entered on the OMR Sheet and the OMR Sheet Number should be entered on this Test Booklet.
4. Each item has four alternative responses marked (1), (2), (3) and (4). You have to darken the circle as indicated below on the correct response against each item.

   **Example :** ① ② ● ④ where (3) is the correct response.
5. Your responses to the items are to be indicated in the **OMR Sheet given inside the Booklet only.** If you mark your response at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except for the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means, such as change of response by scratching or using white fluid, you will render yourself liable to disqualification.
9. You have to return the original OMR Sheet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are however, allowed to carry original question booklet on conclusion of examination.
10. **Use only Blue/Black Ball point pen.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There are no negative marks for incorrect answers.**

## परीक्षार्थियों के लिए निर्देश

1. इस पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए।
2. इस प्रश्न-पत्र में सौ बहुविकल्पीय प्रश्न हैं।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी। पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे, जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए पुस्तिका पर लगी कागज की सील को फाड़ लें। खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें।
   (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं। दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात् किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें। इसके लिए आपको पाँच मिनट दिये जायेंगे। उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा।**
   (iii) इस जाँच के बाद प्रश्न-पुस्तिका का नंबर OMR पत्रक पर अंकित करें और OMR पत्रक का नंबर इस प्रश्न-पुस्तिका पर अंकित कर दें।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (1), (2), (3) तथा (4) दिये गये हैं। आपको सही उत्तर के वृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है।

   **उदाहरण :** ① ② ● ④ जबकि (3) सही उत्तर है।
5. प्रश्नों के उत्तर **केवल प्रश्न पुस्तिका के अन्दर दिये गये OMR पत्रक पर ही** अंकित करने हैं। यदि आप OMR पत्रक पर दिये गये वृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिह्नांकित करते हैं, तो उसका मूल्यांकन नहीं होगा।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें।
8. यदि आप OMR पत्रक पर नियत स्थान के अलावा अपना नाम, रोल नम्बर, फोन नम्बर या कोई भी ऐसा चिह्न जिससे आपकी पहचान हो सके, अंकित करते हैं अथवा अभद्र भाषा का प्रयोग करते हैं, या कोई अन्य अनुचित साधन का प्रयोग करते हैं, जैसे कि अंकित किये गये उत्तर को मिटाना या सफेद स्याही से बदलना तो परीक्षा के लिये अयोग्य घोषित किये जा सकते हैं।
9. आपको परीक्षा समाप्त होने पर मूल OMR पत्रक निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद उसे अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें। हालांकि आप परीक्षा समाप्ति पर मूल प्रश्न-पुस्तिका अपने साथ ले जा सकते हैं।
10. **केवल नीले/काले बाल प्वाईंट पेन का ही प्रयोग करें।**
11. **किसी भी प्रकार का संगणक ( कैलकुलेटर ) या लाग टेबल आदि का प्रयोग वर्जित है।**
12. **गलत उत्तरों के लिए कोई नकारात्मक अंक नहीं हैं।**

# NEPALI

# नेपाली

## PAPER - II

## प्रश्नपत्र – II

**Note :** This paper contains **hundred (100)** objective type questions of **two (2)** marks each. **All** questions are **compulsory**.

**नोट :** इस प्रश्नपत्र में **सौ (100)** बहुविकल्पी प्रश्न हैं। प्रत्येक प्रश्न के **दो (2)** अंक है। **सभी** प्रश्न **अनिवार्य** हैं।

**1.** भारतीय आख्यानात्मक ग्रन्थका सन्दर्भमा उल्लेख गरिने ग्रन्थहरुमध्ये तलको कुनचाहिँ क्षेमेन्द्रको रचना हो ?

(1) बृहत्कथा मञ्जरी। (2) बृहत्कथा श्लोकसङ्ग्रह।

(3) बृहत्कथा। (4) कथासरित्सागर।

**2.** ''त्यस सिद्धान्तसँगको क्रोध छ यस उपन्यासमा।''

– इन्द्रबहादुर राईले 'आज रमिता छ' उपन्यासका सन्दर्भमा भनेको यस कथनमा 'त्यस सिद्धान्त'– ले कुन विशेष सिद्धान्तलाई सङ्केत गरेको छ ?

(1) रसवादी सिद्धान्त। (2) प्रगतिवादी सिद्धान्त।

(3) अनुकरण सिद्धान्त। (4) स्वच्छन्दतावादी सिद्धान्त।

**3.** तलका मध्ये कुन उपन्यास सहलेखनद्वारा तयार पारिएको रचना हो ?

(1) विसंगति। (2) विस्थापन। (3) विशृङ्खलता। (4) वियोग।

**4.** कुन किसिमको रेडियो नाटकलाई 'अन्धाहरूको सिनेमा' पनि भन्ने गरिन्छ ?

(1) स्वोक्ति। (2) ध्वनि नाट्य। (3) ध्वनि गीतिरूपक। (4) जननाटक।

**5.** नेपाली भाषाको इतिहास र विकासबारे अध्ययन भएको दयानन्द श्रीवास्तवको शोध ग्रन्थ 'नेपाली ल्याङ्ग्वेज, इट्स हिस्ट्री एन्ड डिभलोपमेन्ट' (सन् 1962) पुस्तक कुन विश्वविद्यालयले प्रकाशित गरेको थियो ?

(1) अलाहाबाद विश्वविद्यालय। (2) पटना विश्वविद्यालय।

(3) कलकत्ता विश्वविद्यालय। (4) लखनऊ विश्वविद्यालय।

6. 'छ नाडिमा रगत् भने सुरक्तमा छ जोश् भने

रती जती पनी कतै, छ केहि लौ बुता भने।

ल फूक शंख लौ, ल हाँक लौ अघी रथ,

बज्यो बिगूल लौ अहो! समाजको सुक्षेत्रमा।'

– उपर्युक्त पद्यको छन्द चिन्नुहोस्।

(1) पृथ्वी। (2) पञ्चचामर। (3) वंशस्थ। (4) मन्दाक्रान्ता।

7. – उपर्युक्त पद्यांश कुन कविको कुन रचनाबाट उद्धृत गरिएको हो?

(1) सिद्धिचरण श्रेष्ठको 'चम्क युवक'। (2) नरेन्द्रप्रसाद कुमाईको 'शंखनाद'।

(3) तुलसीराम कश्यपको 'मन्थन'। (4) धरणीधर कोइरालाको 'उद्‌बोधन'।

8. 'अङ्ग्रेजी साहित्यको जग स्थापित गर्नमा चसरको जुन स्थान छ कवि भानुभक्तको हाम्रो भाषा र साहित्यमा त्यही स्थान हुनु पर्छ' भन्ने मन्तव्य कुन साहित्यकारको हो?

(1) रूपनारायण सिंह। (2) रामकृष्ण शर्मा। (3) कुमार प्रधान। (4) भाइचन्द प्रधान।

9. ''कथामा कथानकको एकत्व जुनै कथालेखुवाले सहजै ठम्याएको हुन्छ। यी दुई कथामा चाहिँ मनोभावको एकत्व छ। भिन्न कथांशका चोइटा र फब्लेटा छन्, तर ती मनोभावले संयोजित एकाइ छन्......।''

– इन्द्रबहादुर राईको उपर्युक्त भनाइमा उल्लिखित दुईवटा कथा कुन कुन हुन्?

(1) विश्वेश्वरप्रसाद कोइरालाका 'पवित्रा' र 'श्वेत भैरवी'।

(2) सानु लामाका 'असिनाको मान्छे' र 'खानीटारमा एक दिन'।

(3) परशुराम रोकाका 'मेरो पुरानो स्कुल' र 'मृत्युकै मुखेन्जी'।

(4) इन्द्रबहादुर राईकै 'जार : भएकै एउटा कथा' र 'जयमाया आफूमात्र लेखापानी आइपुगी'।

10. टी एस इलियटको काव्य सिद्धान्तका मुख्य अवधारणाहरूमा तलको कुन पर्दछ ?

(1) प्रतिक्रिया निर्माण तथा स्थानान्तरण।

(2) सामाजिक रूपको विविधता तथा दर्पणको रूपकात्मकता।

(3) रुमानी व्यक्तिवादको स्वीकृति तथा शास्त्रीयतावादको समर्थन।

(4) रुमानी व्यक्तिवादको अस्वीकृति र काव्यको स्वायत्तताको समर्थन।

11. मूल रूपमा नव आलोचनाको अभीष्ट के हो ?

(1) दर्शन र विचारको सापेक्षतामा कृतिको अध्ययन।

(2) कृतिकेन्द्रित हुनु।

(3) संरचनाको उपेक्षा।

(4) सामाजिक परिप्रेक्ष्यको संलग्नता।

12. लक्ष्मीप्रसाद देवकोटाले आफ्नो 'हाइ! हाइ! अङ्ग्रेजी' निबन्धमा कुन बानी नगरेको भए 'म बिल्कुल बेकम्मा गधा हुने थिएँ' भनेका छन् ?

(1) पढ्ने बानी। (2) पढाउने बानी। (3) लेख्ने बानी। (4) चुरुट पिउने बानी।

13. लक्ष्मीप्रसाद देवकोटाको निधनपछि वि स 2024 मा प्रकाशित उनको महाकाव्य 'महाराणा प्रताप' मा 'ग्रन्थका सम्बन्धमा' कुन कविले लेखेका छन् ?

(1) कालिप्रसाद रिजाल। (2) क्षेत्रप्रताप अधिकारी। (3) माधवप्रसाद घिमिरे। (4) कञ्चन पुडासैनी।

14. तलका उपन्यासकार र तिनका उपन्यासको सही क्रम चिन्हित गर्नुहोस्।

| | | | |
|---|---|---|---|
| (क) | बी बी एच तामङ | (i) | प्रत्येक ठाउँ, प्रत्येक मान्छे |
| (ख) | पिटर जे कार्थक | (ii) | जीवन गोरेटोमा |
| (ग) | असीत राई | (iii) | चुँडिएका कतिपय धागाहरू |
| (घ) | कृष्णसिंह मोक्तान | (iv) | सिगरेट र धुँवा |

| | **(क)** | **(ख)** | **(ग)** | **(घ)** |
|---|---|---|---|---|
| (1) | (ii) | (iv) | (i) | (iii) |
| (2) | (iv) | (i) | (ii) | (iii) |
| (3) | (iii) | (i) | (iv) | (ii) |
| (4) | (iii) | (iv) | (ii) | (i) |

**15.** 'चैत' र 'कर्खा' का विषयमा तलका कुन कुन भनाइ सही छन्?

(क) यी दुवैमा वीरहरूको बयान हुन्छ।

(ख) कर्खामा पौराणिक-लौकिक देउताको बयान हुन्छ।

(ग) चैतमा पौराणिक-लौकिक देउताको बयान हुन्छ।

(घ) यी दुवै नेपाली लोकनाटक हुन्।

(1) (क) र (ख)। (2) (क) र (ग)। (3) (ख) र (ग)। (4) (ख) र (घ)।

**16.** 'हलन्तवहिष्कार आन्दोलन' लाई 'उट्पट्याङ प्रथा ' भन्ने व्यक्ति को हुन्?

(1) चक्रपाणि चालिसे। (2) बालकृष्ण सम। (3) हेमराज शर्मा। (4) शिखरनाथ सुवेदी।

**17.** कुमारिल भट्ट तथा उनका अनुयायी मीमांसकहरूले ग्रहण गरेको अभिहितान्वयवादमा वाक्यार्थबोधका निम्ति कुन अर्को वा चौथो शब्दशक्ति हुन्छ भन्ने मानिएको छ?

(1) आकाङ्क्षा। (2) तात्पर्या। (3) आसत्ति। (4) योग्यता।

**18.** 'जा' धातु र 'नु' परसर्गको संयोजनबाट 'जानु' पदको निर्माण हुन्छ भने पदको यस्तो संरचनालाई के भनिन्छ?

(1) रूपतात्त्विक संरचना। (2) अर्थतात्त्विक संरचना।

(3) वाक्यतात्त्विक संरचना। (4) प्रयोगार्थतात्त्विक संरचना।

**19.** स्वभाव सुकुमार मार्गअन्तर्गत कुनै काव्यमा समासहीन मनोहारी पद, श्रुतिरम्यता र अर्थरमणीयता भएमा त्यसलाई कस्तो गुण मान्न सकिन्छ?

(1) माधुर्य। (2) प्रसाद। (3) लावण्य। (4) अभिजात्य।

**20.** वि स 2032 मा प्रकाशित 'महाकवि देवकोटा : एक व्यक्तित्व, दुई रचना' कृतिका लेखक को हुन्?

(1) कुमारबहादुर जोशी। (2) चूडामणि बन्धु।

(3) श्यामदास वैष्णव। (4) जनकलाल शर्मा।

**21.** 'इन्द्र राईको आयामिकता समयसापेक्ष भएर पनि समयहीन छ, आञ्चलिक भएर पनि सार्वभौमिक छ' भन्दै आयामेली गद्यका प्रथम प्रयोक्ता बालकृष्ण सम हुन् भन्ने विचार कसले प्रकट गरेका हुन्?

(1) वासुदेव त्रिपाठी। (2) ताना सर्मा। (3) अभि सुवेदी। (4) कृष्ण गौतम।

22. नेपाल र भारत दुवै देशबाट संयुक्त लगानी भई तयार भएको चलचित्र कुन हो ?

(1) जीवनज्योति। (2) हामी एक हौँ। (3) पञ्चवटी। (4) इन्साफ।

23. भाषालाई 'व्यवस्थाहरूको व्यवस्था' किन भनिएको हो ?

(1) यो वर्ण व्यवस्था, व्याकरण व्यवस्था र अर्थ व्यवस्थाबाट संरचित हुन्छ।

(2) यसमा एउटा मात्र व्यवस्था हुँदैन, अर्थात् यो सामान्य व्यवस्थाभन्दा बाहिर छ।

(3) यसमा पारिवारिक तथा सामाजिक व्यवस्थाको अध्ययन हुन्छ।

(4) भाषाले अभिव्यक्तिको असीम सम्भावना आत्मसात गरेको हुन्छ।

24. ''फ्रायडसिद्धान्तलाई मान्छु तर अझ अघि बढेर म आज नैतिकतामा पुगेको छु।''

– विश्वेश्वरप्रसाद कोइरालाको यो स्वीकारोक्ति उनको कुन कृतिमा पाइन्छ ?

(1) सुम्निमा। (2) मोदिआइन। (3) नरेन्द्र दाइ। (4) तीनघुम्ती।

25. ''यो निजी बाटो हो, यहाँ हिँड्नु निषेध छ।'' – यो भनाइ कुन किसिमको 'प्रयुक्ति' हो ?

(1) औपचारिक प्रयुक्ति। (2) अनौपचारिक प्रयुक्ति।

(3) तटस्थ प्रयुक्ति। (4) सुझाउमूलक प्रयुक्ति।

26. नेपालीमा 'डर' [ डर् ] एउटा अक्षर हो भने यसमा आएको 'अ' अनि 'र्' अर्थात् [अर् ] ध्वनिलाई के भनिन्छ ?

(1) अनिवार्य घटक। (2) केन्द्रक। (3) समापक। (4) अन्तक।

27. शब्दकोशको निर्माण, व्याकरण लेखन, भाषाको आधिकारिक वा संवैधानिक स्वीकृतिजस्ता कुरा तलको कुन कुरासित सम्बन्धित छन् ?

(1) अनुवाद विज्ञान। (2) भाषालाई प्राप्त सरकारी सुविधा।

(3) प्राज्ञिक प्रयोजन। (4) मानकीकरण।

28. ''सौन्दर्य हाम्रो जूनको जस्तो किरण पवित्र

जूनमा हुन्छ कलङ्क, हुन्न सतीको मनभित्र।''

'मुनामदन' बाट उद्धृत उपर्युक्त पङ्क्तिमा कुन कुन दुईवटा अलङ्कार परेका छन्?

(क) दीपक

(ख) अतिशयोक्ति

(ग) उपमा

(घ) व्यतिरेक

(1) (क) र (ख)। (2) (ख) र (ग)। (3) (ग) र (घ)। (4) (क) र (ग)।

29. भाषाको पारिवारिक वर्गीकरणको मूल आधार के हो?

(1) पद तथा वाक्यको रचनातत्त्व।

(2) पद र वाक्यको रचनातत्त्वसँगै अर्थतत्त्व पनि।

(3) शब्दप्रधानता।

(4) प्रकृति र प्रत्ययमाझको सम्बन्धतत्त्व।

30. तलका नेपाली चलचित्रहरूको निर्माण र प्रदर्शनको साल पहिलेबाट सुरु गरी उपयुक्त क्रम चिन्हित गर्नुहोस्।

(क) लाहुरे

(ख) बाँसुरी

(ग) अन्याय

(घ) मसाल

(1) (घ), (ख), (ग), (क)। (2) (घ), (क), (ख), (ग)।

(3) (ख), (घ), (क), (ग)। (4) (ख), (ग), (घ), (क)।

**31.** पन्चैबाजामा बजाइने एउटा मुख्य बाजा 'ढलकी' (ढोलक आकारको) सित सम्बन्धित तलका कुन कुन कुरा सही छन्?

(क) यसका दायाँ–बायाँ दुवै हातले ठोक्दै बजाइन्छ।

(ख) यसको एकापट्टि हातले र अर्कापट्टि गजाले बजाइन्छ।

(ग) यसको एकापट्टि खरी लगाइएको हुँदैन।

(घ) यसका दुवैपट्टि खरी लगाइएको हुँदैन।

(1) (ख), (ग)। (2) (क), (ख)। (3) (क), (ग)। (4) (ख), (घ)।

**32.** • समस्त पद बनिँदा विभक्तिको लोप हुन्छ।

• दार, कार, गामी, जीवी आदि परसर्ग जोडिन्छन्।

• पदका अघिल्तिर अ, न आदि शब्दांश जोडिन्छन्।

– माथि भनिएका जस्ता विशेषताद्वारा शब्द निर्माण

हुने प्रक्रिया कुन समासमा हुन्छ?

(1) अव्ययीभाव। (2) तत्पुरुष। (3) कर्मधारय। (4) द्वन्द्व।

**33.** तलका शब्दहरूमा गाई–वस्तु पालनसित सम्बन्धित शब्द चिन्नुहोस्।

(क) झिँगटो

(ख) दुधकटुवा

(ग) टाट्नो

(घ) पलौनी

(1) (क), (ख), (ग)। (2) (ख), (ग), (घ)। (3) (क), (ख), (घ)। (4) (क), (ग), (घ)।

**34.** 'टस्को' शब्दको अर्थ के हो?

(1) पाहुनालाई गरिने सत्कार, मान–मनितो।

(2) बसाइको एउटा प्रकार वा अवधि।

(3) मन नपरी नपरी गरिने ढोग।

(4) लुगाफाटामा जोडिने कुनै गँसोट।

35. 'क' अनि 'ख' वर्णका माझको विभेदक अभिलक्षण कुन हो ?

(1) घोषत्व। (2) प्राणत्व। (3) स्पर्श। (4) सङ्घर्ष।

36. साहित्यिक भाषा वा काव्यभाषाका विशेषता के के हुन्छन् ?

(क) आलङ्कारिक

(ख) व्यक्तिनिष्ठ

(ग) विचलनरहित

(घ) असामान्य

(1) (क), (ख), (ग)। (2) (ख), (ग), (घ)। (3) (क), (ख), (घ)। (4) (क), (ग), (घ)।

37. तलका कुन कुन कथन ठिक छन् ?

(क) विधेय खण्डमा विशेषण, नामयोगीको प्रयोगले वाक्य विस्तार हुन्छ।

(ख) एउटा मात्र शब्दको पनि पदबन्ध हुन्छ।

(ग) कुनै पनि पदबन्धमा क्रियापद हुनु आवश्यक छ।

(घ) उक्ति परिवर्तनद्वारा वाक्यान्तरण गर्न सकिन्छ।

(1) (क), (ख), (ग)। (2) (क), (ख), (घ)। (3) (ख), (ग), (घ)। (4) (क), (ग), (घ)।

38. (क) घरमाथि बाँसघरि थियो।

(ख) त्यहाँदेखि कति माथि पर्छ तिम्रो घर ?

वाक्य 'क' र वाक्य 'ख' दुवैमा 'माथि' शब्दको प्रयोग भएको छ। यी दुईवटा 'माथि' बारे तलको कुन कथन सही छ ?

(1) वाक्य 'क' को 'माथि' क्रियायोगी हो भने वाक्य 'ख' को माथि नामयोगी हो।

(2) वाक्य 'क' को माथि क्रियायोगी हो भने वाक्य 'ख' को माथि परिमाणवाचक विशेषण हो।

(3) दुवै वाक्यका 'माथि' एउटै वर्गका हुन्।

(4) वाक्य 'क' को माथि 'नामयोगी' हो भने वाक्य 'ख' को 'माथि' क्रियायोगी हो।

**39.** (क) लोकमानसबाट उद्‌भूत लोकमा नै विकसित अनि अघिल्लो पुस्ताबाट आर्जित लोकको साहित्य लोक–साहित्य हो।

(ख) धेरैले लोक–साहित्यलाई जन साहित्य भनेका छन्।

माथिक दुईवटा भनाइबाट तलको कुन निष्कर्ष निकाल्न सकिन्छ?

(1) जन साहित्य नै लोक साहित्य हो।

(2) जन साहित्य लोक साहित्य होइन।

(3) लोक साहित्यलाई जन साहित्यको पर्यायवाची बुझ्नुपर्छ।

(4) लोक सहित्यलाई जन साहित्यका रूपमा पनि बुझिएको छ।

**40.** तलका मध्ये कुन समूहमा परेका कथनहरु सही छन्?

(क) अस्वीकृत जमातको घोषणा पत्र 'मन्त्र' मा प्रकाशित भएको हो।

(ख) अस्वीकृत जमातमा संलग्न साहित्यकारहरूमा बालमुकुन्ददेव पाण्डे पनि एकजना हुन्।

(ग) अस्वीकृत साहित्य एउटा मनोवृत्ति मात्र होइन क्रियारति पनि हो।

(घ) अस्वीकृत साहित्यले मान्छेको नाङ्गोपनलाई यथार्थ साहित्य मानेको छ।

(1) (क), (ग), (घ)।  (2) (क), (ख), (घ)।

(3) (ख), (ग), (घ)।  (4) (क), (ख), (ग)।

**41.** तलका दुईवटा समूहमा भएका पुस्तकहरू र तिनको प्रकाशन वर्ष चिनेर ठिक उत्तर चिन्हित गर्नुहोस्।

| | | | |
|---|---|---|---|
| (क) | भानुभक्तका कृति : अध्ययनहरू | (i) | सन् 1973 |
| (ख) | केही कृति : केही स्मृति | (ii) | सन् 1961 |
| (ग) | मौलो | (iii) | सन् 1969 |
| (घ) | वार्ताहरू | (iv) | सन् 1978 |

| | **(क)** | **(ख)** | **(ग)** | **(घ)** |
|---|---|---|---|---|
| (1) | (i) | (iv) | (iii) | (ii) |
| (2) | (iii) | (i) | (iv) | (ii) |
| (3) | (iv) | (ii) | (iii) | (i) |
| (4) | (ii) | (iii) | (i) | (iv) |

**42.** तलका मध्ये कुन समूहको कथन **सही** छ ?

(क) भाषाविज्ञानका पाँचवटा रूपमध्ये व्यतिरेकीमा दुई भाषाको तुलना गरेर व्यतिरेकीहरू पत्तो लगाइन्छ।

(ख) एककालिक, बहुकालिक, ऐतिहासिक, व्यतिरेकी र अनुप्रयुक्त तुलनात्मक साहित्यका पाँच प्रकार हुन्।

(ग) अनुवाद अनुप्रयुक्त भाषाविज्ञानअन्तर्गत पर्दछ।

(घ) व्यतिरेकी विश्लेषण अनुवादका निम्ति उपयोगी हुँदैन।

(1) (ग), (घ)।  (2) (क), (ख)।  (3) (क), (घ)।  (4) (क), (ग)।

**43.** तलका मध्ये एडगर एलेन पोको भनाइ कुन हो ?

(1) कथाको आयतन छ हजारदेखि आठ हजार शब्दका बिचको हुनु पर्छ।

(2) कम्तीमा पनि तीनवटा घटना नजोडिएसम्म कथा बन्नै सक्तैन।

(3) कथा नाटकीय प्रस्तुतीकरण हो।

(4) छोटो कथा एकै बसाइमा पढिसकिने सानो तर स्वयंमा पूर्ण इतिवृत्त हो।

**44.** ''मैले तेरो जीउ छुनुहुँदो रहेनछ भइहाल्यो।

यताबाट जान त दिन्न तँलाई–मेरो गर्दन जान्छ

भने पनि बुझिस् चण्डाल्नी, निठुरी।''

माथिको कथन कसले कसलाई भनेको हो ?

(1) ऐडविलले कमलालाई।  (2) ऐडविलले सवितालाई।

(3) नकुलले सवितालाई।  (4) प्रद्युम्नले मालतिलाई।

**45.** आठ र छ अक्षर गरी चौध अक्षरका दुई पाउको अनुप्रासयुक्त लोक छन्दलाई के भनिन्छ ?

(1) सँगिनी।  (2) हाक्पारे।  (3) कौरा।  (4) देउडा।

**46.** भाषा प्रयोगका आधारमा निबन्ध विधाका सही शैली भेद कुन कुन हुन् ?

(1) धारा शैली, तरङ्ग शैली, विक्षेप शैली, गति शैली।

(2) वर्णनात्मक शैली, विवरणात्मक शैली, विचारात्मक शैली, भावात्मक शैली।

(3) समास शैली, व्यास शैली, सरल शैली, अलङ्कृत शैली।

(4) धारा शैली, व्यास शैली, विक्षेप शैली, गुम्फित शैली।

**47.** सन् 1972 मा सम्पन्न थर्ड इन्टरनेसनल कङ्ग्रेस अव् अप्लाइड लिङ्विस्ट्सको सम्मेलनमा 'द नेम एन्ड नेचर अव् ट्रान्सलेसन स्टडिज' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्ने विद्वान् को हुन्?

(1) युजिन निडा।
(2) सुजित मुखर्जी।
(3) सुज्यान ब्यास्नेट।
(4) सर जेम्स होम्ज।

**48.** तल दुईवटा समूहमा भएका सवाई र तिनका रचयिताहरू ठिक-ठिक चिन्नुहोस्।

| | | | |
|---|---|---|---|
| (क) | गजवीर राणा | (i) | ब्रह्मतत्त्वको सवाई |
| (ख) | बबगुनी गुरुङ | (ii) | मणिपुरको लडाइँको सवाई |
| (ग) | तुलाचन आले | (iii) | अब्बर पहाडको लडाइँको सवाई |
| (घ) | धनवीरसिंह भण्डारी | (iv) | नागाहिल्सको सवाई |

| | **(क)** | **(ख)** | **(ग)** | **(घ)** |
|---|---|---|---|---|
| (1) | (iv) | (i) | (ii) | (iii) |
| (2) | (i) | (iii) | (iv) | (ii) |
| (3) | (iii) | (ii) | (iv) | (i) |
| (4) | (ii) | (iv) | (i) | (iii) |

**49.** आङ्गिक, वाचिक, आहार्य र सात्त्विक – अभिनयलाई चार प्रकारमा विभाजन गर्ने आचार्य को हुन्?

(1) धनञ्जय।
(2) नन्दिकेशर।
(3) भरतमुनि।
(4) भट्टलोल्लट।

**50.** ''प्रत्येक पाठ आफैभित्र भत्किसकेकै हुन्छ। खालि बाहिरबाट हेर्दा मात्र सग्लो र दृढ देखिने त्यो पाठ खण्डमय र भत्केको स्थितिमा हुन्छ।'' – विनिर्माणलाई यसरी परिभाषित गर्ने विद्वान् को हुन्?

(1) जाक देरिदा।
(2) फ्रेडरिक नित्से।
(3) मार्टिन हेडेगर।
(4) हिलिस मिलर।

**51.** मधुसूदन दत्तको बङ्गला नाटक नेपालीमा 'ज्ञानभङ्ग तरङ्गिणी' शीर्षकमा अनुवाद गर्ने लेखक को हुन्?

(1) मोतीराम भट्ट।
(2) मेदिनीप्रसाद रेग्मी।
(3) पहलमानसिंह स्वाँर।
(4) शम्भुप्रसाद ढुङ्गेल।

52. तलका मध्ये कुनचाहिँ निबन्ध विक्षेप शैलीमा लेखिएको छ ?

(1) लक्ष्मीप्रसाद देवकोटाको 'मान्छे जादू'।

(2) बालकृष्ण समको 'आत्मविश्वास'।

(3) रामकृष्ण शर्माको 'कवि'।

(4) भीमनिधि तिवारीको 'शिकार'।

53. नेपाली साहित्येतिहाससम्बन्धी लेखिएको पहिलो पुस्तक कुन हो ?

(1) मोतीराम भट्टको 'कवि भानुभक्ताचार्यको जीवन चरित्र'।

(2) बालचन्द्र शर्माको 'नेपाली साहित्यको इतिहास'।

(3) ताना सर्माको 'नेपाली साहित्यको इतिहास'।

(4) यज्ञराज सत्यालको 'नेपाली साहित्यको भूमिका'।

54. सूर्यविक्रम ज्ञवालीका 'कार्य गर्ने समय भो' अनि 'दान' जस्ता मौलिक निबन्ध प्रकाशित भएको पत्रिका तलका मध्ये कुन हो ?

(1) गोर्खाली। (2) चन्द्रिका। (3) चन्द्र। (4) जन्मभूमि।

55. नेपाली भाषामा मुद्रित तथा प्रकाशित पहिलो नेपाली पाठ्य पुस्तक कुन हो ?

(1) गोपाल दत्त पाण्डेको 'व्यक्त चन्द्रिका'।

(2) राजा जयपृथ्वीबहादुरको 'अक्षराङ्क शिक्षा'।

(3) राममणि आ दीको 'शिशुबोधिनी'।

(4) पारसमणि प्रधान र शेषमणि प्रधानको 'नेपाली साहित्य कथामाला'।

56. सो पुस्तक कुन विषयको पाठ्य पुस्तक हो ?

(1) व्याकरण। (2) साहित्य। (3) गणित। (4) प्रकृति विज्ञान।

57. मानवीय क्रियाकलापलाई नियमन गर्ने प्रमुख शक्तिलाई सिग्मन्ड फ्रायडले कुन नामले चिनाएका छन् ?

(1) न्युरोसिस। (2) साइकोसिस। (3) सुपर इगो। (4) लिबिडो।

58. प्रकाशन कालको क्रम पहिलेबाट सुरु गरी तलका पुस्तकहरूको क्रम चिन्नुहोस्।

(क) नेपाली कथा यात्रा

(ख) नेपाली निबन्ध यात्रा

(ग) नेपाली कविता यात्रा

(घ) नेपाली एकाङ्की यात्रा

(1) (ख), (ग), (घ), (क)।
(2) (ख), (घ), (क), (ग)।
(3) (घ), (ख), (ग), (क)।
(4) (घ), (ग), (ख), (क)।

59. आफूले लेखेको नाटकमा आफूलाई 'विद्यापल्लव' भनेर घोषणा गर्ने साहित्यकार को हुन्?

(1) मोतीराम भट्ट।
(2) छविलाल नेपाल।
(3) लक्ष्मीदत्त पन्त।
(4) शक्तिवल्लभ अर्ज्याल

60. नेपाली गद्याख्यानमा आजसम्मको अनुसन्धानले राजा विक्रमादित्यसँग सम्बन्धित कथाहरूको सर्वप्राचीन पुस्तक कुन मानेको छ?

(1) पिनासको कथाहा।
(2) बहत्तरी सुगाको कथाहा।
(3) द्वात्रिंशत पुत्तलिका कथाहा।
(4) त्रिरत्नसौन्दर्यगाथा।

61. गीता दर्शनमा आधारित नेपाली उपन्यास कुन हुन्?

(1) ओकिउयामा ग्वाइनका 'सुनाखरी' र 'नागबेली'।

(2) विश्वेश्वरप्रसाद कोइरालाको 'मोदिआइन' र 'हिटलर र यहुदी'।

(3) पारिजातका 'शिरीषको फूल' र 'अन्तर्मुखी'।

(4) राजेश्वर देवकोटाका 'आवर्तन' र 'द्वन्द्वको अवसान'।

62. गद्याख्यानको पात्र-विधानसम्बन्धी वर्गीकरणमा 'कार्ड' र 'फिसेल' पात्र उल्लेख गर्ने व्यक्ति को हुन्?

(1) राल्फ फक्स।
(2) ई एम फोर्स्टर।
(3) डब्ल्यु एच हडसन।
(4) डब्ल्यु जे हार्वे।

63. ''देउताहरूप्रति उपेक्षा, मृत्युप्रति घृणा, जीवनप्रतिको अनुराग सिसिपसको चारित्रिकता छ।''

– इन्द्रबहादुर राईको उपर्युक्त टिप्पणी कुन कृतिका सम्बन्धमा गरिएको हो ?

(1) पारिजातको 'शिरीषको फूल'।
(2) मञ्जुलको 'छेकुडोल्मा'।
(3) ध्रुवचन्द्र गौतमको 'बालुवामाथि'।
(4) असीत राईको 'विशृङ्खलता'।

64. 'इतिहासको अन्त्य' को अवधारणाका प्रतिपादक को हुन् ?

(1) जिन फाङ्कोइस ल्योटार्ड।
(2) फ्रान्सिस फुकुयामा।
(3) जाक देरिदा।
(4) रोलाँ बार्थ।

65. मूल्य र सम्प्रेषण सिद्धान्तका सन्दर्भमा रिचर्डस्ले मानव मनलाई के हो भनेका छन् ?

(1) आवेग जाल।
(2) सिसृक्षा।
(3) अभिवृत्ति।
(4) एषणा।

66. मास्टर मित्रसेन थापाको 'मलाई खुत्रुक्कै पाऱ्यो जेठान तिम्रो बैनीले' गीत तलका मध्ये कुन नेपाली चलचित्रमा समाविष्ट छ ?

(1) सेतो बाघ।
(2) बसन्ती।
(3) वासुदेव।
(4) प्रेमपिण्ड।

67. प्राचीन ग्रिसेली साहित्य सिद्धान्तमा पारिभाषिक शब्द 'मिमेसिस' कुन अर्थमा प्रयोग गरिएको छ ?

(1) कलात्मक भाषिक अनुकरणद्वारा पुनःसृजन।
(2) कलात्मक र रागात्मक प्रयोजनप्रधान रहेको भाषिक वाङ्मय।
(3) जीवन–जगत्का वस्तुयथार्थका बारेमा लेखिएको विशिष्ट सङ्कथन।
(4) भाषिक प्रकार्यको निरूपणअन्तर्गत साहित्यिक सम्प्रेषणात्मक प्रकार्य।

68. सवाई छन्दमा लेखिएको पहिलो नेपाली काव्य कुन हो ?

(1) ज्ञानदिलदासको 'उदयलहरी'।
(2) वसन्त शर्माको 'समुद्रलहरी'।
(3) उदयानन्दको 'बेतालपच्चिसी'।
(4) सुन्दरान्द बाँडाको 'बहादुरशाहवर्णनम्'

69. तलका कवि र तिनका कृतिको सही क्रम चिन्हित गर्नुहोस्।

(क) क्षेत्रप्रताप अधिकारी (i) हिप्पोक्रिट चाँप–गुराँस र अन्य कविता

(ख) हेम हमाल (ii) अनागत

(ग) भविलाल लामिछाने (iii) गामबेंसीका गीत

(घ) गिर्मी शेर्पा (iv) गाउँ गाउँजस्तो छैन, सहर सहरजस्तो छैन

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (1) | (ii) | (i) | (iv) | (iii) |
| (2) | (iii) | (iv) | (ii) | (i) |
| (3) | (iv) | (iii) | (ii) | (i) |
| (4) | (iii) | (i) | (iv) | (ii) |

70. काव्यलाई एकजना उपास्य महान् पुरुषको प्रतीक स्वरूप उभ्याएर वाग्देवीको आनन्दमय विभूति मान्ने पूर्वीय आचार्य को हुन्?

(1) मम्मट। (2) भरतमुनि। (3) राजशेखर। (4) कुन्तक।

71. तलका मध्ये प्रकाश कोविदले अनुवाद गरेका बालकृतिहरू कुन कुन हुन्?

(क) बालकुसुम।

(ख) गाडधनको खोजी।

(ग) वीर वलभद्र।

(घ) पिनाकियो।

(1) (क), (ग)। (2) (क), (घ)। (3) (ख), (घ)। (4) (ग), (घ)।

72. 'लीलालेखन' को मेनिफेस्टो मानिने इन्द्रबहादुर राईकृत 'भ्रान्तिहरू र लीलालेखन मात्र' लेख कुन सालमा 'रूपरेखा' मा प्रकाशित भएको हो?

(1) सन् 1962 (2) सन् 1969 (3) सन् 1972 (4) सन् 1974

**73.** तलका नाटककार र तिनका नाटककृतिको सही क्रम चिन्हित गर्नुहोस्।

| | | | |
|---|---|---|---|
| (क) | एल टी लामा | (i) | कञ्जूसको धन |
| (ख) | हस्तलाल गिरी | (ii) | उषाहरण |
| (ग) | पारसमणि प्रधान | (iii) | राजा हरिश्चन्द्र |
| (घ) | धनवीर मुखिया | (iv) | बुद्ध-चरित्र |

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (1) | (ii) | (iii) | (iv) | (i) |
| (2) | (iv) | (iii) | (i) | (ii) |
| (3) | (ii) | (i) | (iv) | (iii) |
| (4) | (iii) | (iv) | (i) | (ii) |

**74.** ''लिगलिगकोट पुगी सङ्कष्ट पाया।

नेपाल काठमाडौं लाया, पशुपति गुर्जा चढाया।

दाङ मार्‍यो, भिरङ्गी मार्‍यो, तुगल मार्‍यो, मुगल मार्‍यो।

डोटीराज जाई हैकम फिरायो, गड्वाल जाई सिरतु सिधार्‍यो।''

– माथिको कविताको शीर्षक के हो ?

(1) बडेराजा मलयबम्म।
(2) पृथ्वीनारायण।
(3) स्तुतिपद्य।
(4) पुरानु बातको अर्जी।

**75.** ''स्वीकृत परम्पराशिल्पलाई एकदमै आधुनिक पार्ने गरी ठोक। भाषा आफ्नै खोज र व्याकरण भाँच।''

–यस्ता प्रस्ताव राखी भाषामा क्रिया, क्रियायोगी र विशेषणलाई त्याग्दै टेलिग्रामको भाषा अँगाल्ने मण्डली कुन हो ?

(1) अतियथार्थवाद।
(2) दादावाद।
(3) घनत्ववाद।
(4) अग्रगमनवाद।

**76.** माथि उल्लिखित मण्डलीका सर्वाधिक प्रभावशाली कवि को हुन् ?

(1) बोरिस पास्टरनायक  (2) ब्लादिमिर मायकोभ्स्की

(3) जाँ मुकारोभ्स्की  (4) भिक्टर स्लोभ्स्की

**77.** 'ज्ञ र क्ष को प्रयोग यसरि गर्ने–ग्य, छ्य।'

– माथिको सुझाउ कुन आन्दोलनको हो ?

(1) जिम्दो नेपालि भासा।  (2) ह्रस्वलेखन अभियान।

(3) नयाँ वर्णविन्यास।  (4) सजिलो लेखन।

**78.** 'उसले त्यहीँ बसेर बच्चाको गालामा ओठमा म्वाइँ खाई। पारीपट्टी झ्यालमा त्यो गुण्डो ठिङ्ग उभिएको थियो।'

– पठित पाठको आधारमा 'त्यो गुण्डो' लाई के को प्रतीक मानिएको छ ?

(1) असामाजिक तत्त्व।

(2) नायिकाको अन्तश्चेतनामा दमित यौनकुण्ठा।

(3) पाठमा वर्णित नायिकाको पति।

(4) नायिकाको पूर्व प्रेमी।

**79.** बौद्ध 'थेरी गाथा' कुन भाषामा रचिएका छन् ?

(1) ब्रज।  (2) पालि।  (3) मागधी।  (4) अवधी।

**80.** तलका मध्ये कुन समूहको कथन सही छ ?

(क) यथार्थवाद र प्रकृतवादले प्रयोगात्मक रूपमा पर्याप्त समानता राखेका छन्।

(ख) वस्तुपरकता, स्पष्टता, संक्षिप्त प्रतिपादन, भाषाको मितव्ययिता आदि बिम्बवादका मूल आग्रह हुन्।

(ग) रूपपरक समालोचनामा भाषिक तत्त्वका विचलनमा विशेष जोड दिइन्छ।

(घ) संरचनावादीहरुले आख्यानात्मक सङ्कथनका संरचनात्मक अध्ययनमा निकै रुचि देखाएका छन्।

(1) (क), (ख), (ग)। (2) (क), (ग), (घ)। (3) (क), (ख), (घ)। (4) (ख), (ग), (घ)।

81. "कविता आवेगको पोखाइ होइन र व्यक्तित्वको अभिव्यञ्जना होइन बरु व्यक्तित्वबाट मुक्ति हो।"

– माथिको मन्तव्य कसको हो ?

(1) लक्ष्मीप्रसाद देवकोटा। (2) टी एस इलियट।

(3) विलियम वर्डस्वर्थ। (4) आई ए रिचर्ड्स।

82. तलका मध्ये कुन ज्ञानानुशासनसँग 'आख्यायिका' को निकट सम्बन्ध रहेको छ ?

(1) पुराण। (2) इतिहास। (3) मनोविज्ञान। (4) आयुर्वेद।

83. " 'हुँगि मैं जनम जन्मकि चेरी' र 'टूटि गै हृदय कृष्ण! हमारी' यी दुई पूरा पाउ नै हिन्दुस्तानी भाषाका बन्न आएका छन्।"

– माथिको भनाइ कसको हो ?

(1) बाबुराम आचार्य। (2) योगि नरहरिनाथ।

(3) पूर्णप्रकाश नेपाल 'यात्री'। (4) कमल दीक्षित।

84. 'साहित्यको अध्ययन वृहत्तर सांस्कृतिक सन्दर्भमा गरिनुपर्छ। त्यसअन्तर्गत राजनीति, धर्म, सौन्दर्यशास्त्र साथै अर्थनीतिगत सन्दर्भहरू पनि गाभिएको हुनुपर्छ।'

उपर्युक्त मान्यता कुन साहित्य-सिद्धान्त अन्तर्गत पर्दछ ?

(1) संरचनावाद। (2) इतिहासवाद। (3) उत्तरउपनिवेशवाद। (4) नवइतिहासवाद।

85. तलका कवि र तिनका कृतिहरुको सही क्रम चिन्हित गर्नुहोस्।

(क) मोहन कोइराला (i) चिहान नपाएका तक्माहरू

(ख) ईश्वरवल्लभ (ii) नार्सिसस्

(ग) जीवन थिङ (iii) नून शिखरहरूमा

(घ) युद्धवीर राणा (iv) अग्निद्वीप

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (1) | (iii) | (i) | (iv) | (ii) |
| (2) | (ii) | (iv) | (i) | (iii) |
| (3) | (iii) | (iv) | (ii) | (i) |
| (4) | (iv) | (i) | (ii) | (iii) |

86. ''भाग सबै जन दूर मबाट, या सब मिली मार मलाई

नत्र कुनै दिन भैरव बन्दै नाच्छु म नरमुण्ड लगाई।''

– उपर्युक्त पद्यांश कसको कुन कविताबाट उद्धृत गरिएको हो ?

(1) लक्ष्मीप्रसाद देवकोटाको 'झञ्झावर्णन'।

(2) गोपालप्रसाद रिमालको 'प्रति'।

(3) हरिभक्त कटुवालको 'उत्तरतिर कंस करायो'।

(4) सिद्धिचरण श्रेष्ठको 'विश्वव्यथा'।

87. तलका मध्ये कुन समूहको कथन सही छ ?

(क) उत्तरआधुनिकता सांस्कृतिक बहुलवादलाई मान्छ र सहिष्णु हुन प्रेरित गर्दछ।

(ख) उत्तरसंरचनावादमा अर्थ अनिश्चित हुने भएपछि शब्दले पनि प्राथमिकता हराउँछ।

(ग) आधुनिकताको आकर्षण सम्बन्धमा, सादृश्यमा, एकतामा छ भने उत्तरआधुनिकताको आकर्षण भिन्नता वा पार्थक्यमा छ।

(घ) उत्तर आधुनिकताको विश्वास अन्यापेक्षिकतामा नै छ।

(1) (क), (ख), (ग)।
(2) (ख), (ग), (घ)।
(3) (क), (ग), (घ)।
(4) (क), (ख) (घ)।

88. 'ऐतिहासिक सिंहावलोकन र वर्त्तमानको परिचर्चा गर्दै लेखनाथ आजका मूलभूत समस्याको द्रष्टा बनेका छन् - मानव सभ्यताको ऐतिहासिक वर्त्तमानका साक्षीका रूपमा।'

– माथिको मन्तव्य कुन कृतिको सन्दर्भमा व्यक्त गरिएको हो ?

(1) बुद्धिविनोद।
(2) ऋतुविचार।
(3) तरुणतपसी।
(4) सत्यकलि-सम्वाद।

89. यिनको छद्मनाम पं मातृकाप्रसाद शर्मा अधिकारी थियो, यिनले एउटा पत्रिकाको सम्पादन पनि गरेका थिए, एउटा भाषिक आन्दोलनसित पनि यिनी सम्बद्ध थिए-यिनी को हुन् ?

(1) वल्लभमणि दाहाल।
(2) चूडामणि उपाध्याय रेग्मी।
(3) नरदेव पाण्डे।
(4) राममणि आ दी।

**90.** भाषिक सङ्केतको चयनका दृष्टिले अनुवाद–सामग्रीका सही प्रकार तलका मध्ये कुनमा परेका छन् ?

(1) सूचना प्रधान र भाव प्रधान।

(2) सूचना प्रधान र उपदेश प्रधान।

(3) सूचना प्रधान र शैली प्रधान।

(4) सूचना प्रधान र सांस्कृतिक विषय प्रधान।

**91.** अनुवाद कार्यको 'पुनरीक्षण'मा तलका मध्ये कुन किसिमका पुनरीक्षक अधिक उपयुक्त हुन्छन् भन्ने मानिन्छ ?

(1) अनुवादकको भाषा वा बोलीभन्दा भिन्नै कुनै भाषा वा बोली बोल्ने।

(2) अनुवादकको भाषा वा बोली बोल्ने।

(3) जुनसुकै भाषाभाषी वा कुनै पनि किसिमको बोली बोल्ने।

(4) स्रोत भाषा वा बोली बोल्ने।

**92.** तलका मध्ये कुन समूहको कथन सही छ ?

(क) लीलादृष्टि आयामिक 'वस्तुता' धारणाबाट बढेको। वस्तुमा विशेषणहरू देखिन्छन्।

(ख) वस्तु एउटैलाई द्रष्टा विभिन्नले थोक विभिन्न देख्दा रहेछन् भने यथार्थ सत्य वस्तुलाई सबैले देखेको हुँदैन।

(ग) लीला लेखनको निम्ति क्वान्टम फिजिक्सबाट पनि सहयोग लिइएको छ।

(घ) लीलालेखनमा 'विधाको विनिर्माण' गरिएकोले 'कृति लेखन' को माध्यम स्वीकार गरिएको छ।

(1) (क), (ग), (घ)। (2) (क), (ख), (घ)। (3) (ख), (ग), (घ)। (4) (क), (ख), (ग)।

**93.** 'बिना ईश्वर मान्छे आफैले एक्लै मूल्यको सृजना गर्नुपर्छ र यही मूल्यलाई रूप दिनु नै क्रान्ति हो' भन्ने आग्रह राख्ने साहित्यिक 'वाद' कुन हो ?

(1) प्रगतिवाद।

(2) अस्तित्ववाद।

(3) निर्वैक्तिकतावाद।

(4) रूपवाद।

94. 'न्यायालयमा सियो राख्ने ठाउँ पनि थिएन ......नत्र एउटा सियो खसेको भए पनि सुनिन्थ्यो होला....त्यस्तो भीड र शान्ति थियो।'

–यो प्रसङ्ग कुन कथाकारको कुन कथामा पाइन्छ ?

(1) पुष्कर शम्सेरको 'परिबन्द'।

(2) शिवकुमार राईको 'ज्यानमारा ?'।

(3) शङ्कर लामिछानेको 'उ कसको हो ?'।

(4) शरद् छेत्रीको 'समय अनि बाँसुरीको धुन'।

95. साहित्य दर्पणकारले बताएका काव्यका भेदमध्ये 'गद्य पद्य दुवै भएको राजाको स्तुतिरूप' भएको काव्यलाई कस्तो काव्य भनिन्छ ?

(1) विरुद काव्य। (2) करम्भक काव्य।

(3) खण्डकाव्य। (4) चम्पूकाव्य।

96. 'नेपालीको दिल-दिल नयाँ ज्योति सल्काइदिन्छु

नौलो आशा, नव रस नयाँ चाख पल्काइदिन्छु।'

– माथिको कवितामा कुन छन्द प्रयोग भएको छ ?

(1) शिखरिणी। (2) शार्दूलविक्रीडित।

(3) मन्दाक्रान्ता। (4) पृथ्वी।

97. ''ऐतिहासिक नाटक इतिहासको पृष्ठभूमिमा सम्भावनाको मासु थुपारेर लेखिन्छ।''

– कुन कृतिको भूमिकामा लेखक स्वयम्ले यसो भनेका छन् ?

(1) भक्त-भानुभक्त। (2) अमरसिंह।

(3) भीमसेनको अन्त्य। (4) गङ्गालालको चिता।

98. ''माधवी'- को हलन्त बहिष्कार तिनलाई मन पर्दैनथ्यो, 'सुन्दरी'-मा भएको हलन्तको भरमार पनि ती रुचाउँदैनथे।''
– पारसमणि प्रधानको यो कथन कुन साहित्यकारका बारेमा हो ?

(1) पादरी गङ्गाप्रसाद प्रधान।
(2) सूर्यविक्रम ज्ञवाली।
(3) हरिहर आदी।
(4) चक्रपाणि चालिसे।

99. चार वेदका भाष्यहरुमध्ये कुन भाष्य सर्वाधिक प्रामाणिक मानिन्छ ?

(1) दयानन्द सरस्वतीभाष्य।
(2) सायणभाष्य।
(3) उब्बटभाष्य।
(4) वाग्भटभाष्य।

100. प्राथमिककालीन नेपाली साहित्यमा उल्लिखित 'फिरंगानते फिरंगी' कवित्त कसको रचना मानिएको छ ?

(1) विष्णुदास।
(2) ज्ञानदिलदास।
(3) सुवानन्ददास।
(4) पृथ्वीनारायण शाह।

- o 0 o -

**Space For Rough Work**